# मिति २०८२ वैशाख ३१ गतेको कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : प्रगति समीक्षा कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं. ३ : खर्च प्रगति सम्बन्धमा ।

प्रस्ताव नं. ४ : योजना फरफारक, अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ५ : "घ" वर्गको इजाजत प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ६ : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पत्र सम्बन्धमा ।

प्रस्ताव नं. ७ : भूमि समस्या समाधान आयोगको पत्र सम्बन्धमा ।

प्रस्ताव नं. ८ : सडक आश्रित बालबालिका मुक्त स्थानीय तह घोषणा सम्बन्धमा ।

प्रस्ताव नं. ९ : नदीजन्य पदार्थ उत्खनन् अनुमति अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. १० : न्यायिक कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं. ११ : सिप विकास तालिमको रकम भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं. १२ : वडा नं. २, ४ र ११ मा सार्वजनिक जग्गामा निर्मित सामुदायिक भवन सम्बन्धमा ।

प्रस्ताव नं. १३ : कार्यालय समय अतिरिक्त कार्य गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १४ : योजना निर्माण स्थलबाट उत्खनन् भएको ढुङ्गाको राजस्व सम्बन्धमा ।

प्रस्ताव नं. १५ : बाढी पश्चात निर्माण गरिएका ब्लकको घरहरको नक्सा पास गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १६ : आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १७ : खानेपानी योजना निर्माणका लागि बजेट माग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १८ : योजना संशोधन सम्बन्धमा ।

प्रस्ताव नं. १९ : सार्वजनिक बिदाको समयमा विद्यालय संचालन नगर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २० : अनिवार्य अवकाश सम्बन्धमा ।

प्रस्ताव नं. २१ : समिति अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. २२ : उपोभक्ता समिति मार्फत योजना कार्यान्वयन गर्ने सम्बन्धमा ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

## निर्णयहरु

निर्णय नं. १ : नगर कार्यपालिकाको मिति २०८२/०१/०४ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो । हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरु तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : मेलम्ची नगरपालिका र अन्तर्गतका शाखाहरुबाट आ.व. २०७९/०८० देखि आ.व. २०८१/०८२ को बैशाख मसान्तसम्म सम्पादन भएका कार्यहरुको प्रगति समीक्षा कार्यक्रम र आगामी आ.व. २०८२/०८३ को प्रस्तावित नीति तथा कार्यक्रम माथिको छलफल मिति २०८२/०२/०९ र १० गते संचालन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : मेलम्ची नगरपालिकाबाट आ.व. २०८१/०८२ को बैशाख महिनासम्मको चालु तथा पूँजीगत खर्च प्रगति (चालु तर्फ ५९.३७ प्रतिशत र पूँजीगत तर्फ ३३.९७ प्रतिशत गरी समग्रमा ४६.६७ प्रतिशत ) विवरण सार्वजनिक गरियो ।

निर्णय नं. ४ : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा (२) खण्ड (ङ) मा भएको कानूनी व्यवस्था बमोजिम मेलम्ची नगरपालिकाका उपप्रमुख श्री उमा प्रधानज्यूको संयोजकत्वमा गठित अनुगमन तथा सुपरीवेक्षण समितिबाट योजनाहरुको अनुगमन गरी फरफारकको लागि पेश भएको हुँदा सो सम्बन्धमा कार्यपालिका बैठकमा छलफल भई पेश भएका अनुसूची-१ मा उल्लिखित योजनाहरु फरफारक गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : "घ" वर्गको निर्माण व्यवसाय ईजाजतका लागि आवश्यक कागजात सहित निवेदन पेश गरेका देहाय बमोजिमका निर्माण व्यवसायहरुलाई "घ" वर्गको निर्माण व्यवसाय ईजाजत-पत्र सम्बन्धी कार्यविधि, २०७४ को दफा २ को उपदफा (४) बमोजिम ईजाजत प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | निर्माण व्यवसायको विवरण | निर्माण व्यवसायीको नाम, थर | ठेगाना |
|---|---|---|---|
| १ | शिव कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | राजेश स्याङ्बो | मेलम्ची न.पा. ९ |
| २ | पुनम् एण्ड पुजा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | गोबिन्द तामाङ | मेलम्ची न.पा. ९ |
| ३ | एस.एस. इन्फ्रा प्रा.लि. | श्याम सुन्दर कंडेल | मेलम्ची न.पा. १० |

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

निर्णय नं. ६ : संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १२७ मिति २०८२/०१/०३ को सुझाव सम्बन्धको पत्र, च.नं. १६२ मिति २०८२/०१/१४ गतेको अनुगमन तथा नियमन कार्यको प्रभावकारी कार्यान्वयन सम्बन्धको पत्र, च.नं. २६९ मिति २०८१/०१/१५ को जानकारी सम्बन्धको पत्र तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको च.नं. ४९०४८ मिति २०८२/०१/०३ को निर्णय कार्यान्वयन सम्बन्धको पत्र यस बैठकमा जानकारी गराई आवश्यक कार्यान्वयनको लागि निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ : भूमि समस्या समाधान आयोग जिल्ला समिति, सिन्धुपाल्चोकको च.नं. १७ मिति २०८२/०१/०८ र भूमि समस्या समाधान आयोग, काठमाडौंको च.नं. ४३६ मिति २०८२/०१/११ को पत्रको सम्बन्धमा छलफल गर्दा मेलम्ची नगरपालिका क्षेत्रभित्र भूमिहिन दलित, भूमिहिन सकुम्बासी र अव्यवस्थित बसोबासीहरु छुट भएको हुन सक्ने जानकारी प्राप्त भएकोले पुन: लगत संकलनका लागि २०८२ बैशाख मसान्त भित्र एक पटक सूचना प्रकाशन गर्न जिल्ला समिति मार्फत अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. ८ : बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको मिति २०८२/०१/०५ को पत्रबाट यस नगरपालिका भित्र सडक आश्रित बालबालिका रहे/नरहेको एकिन गरी सडक आश्रित बालबालिका रहेको भए निजहरुको उद्दार तथा पुनर्स्थापना समेतको व्यवस्था मिलाई मिति २०८२ बैशाख मसान्त भित्र सडक आश्रित बालबालिका मुक्त स्थानीय तह घोषणा गरी जानकारी गराउनको लागि लेखि आएको हुँदा सडक आश्रित बालबलिका रहे/नरहेको सम्बन्धमा यस कार्यालयको च.नं. २८५३ मिति २०८२/०१/१० मा यस मेलम्ची नगरपालिका अन्तर्गतका सबै वडा कार्यालयहरुमा पत्राचार गरिएकोमा सबै वडा कार्यालहरुबाट सडक आश्रित बालबालिका नरहेको भनि लेखि आएको हुँदा मेलम्ची नगरपालिकालाई सडक आश्रित बालबालिका मुक्त स्थानीय तह घोषणा गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ : ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्र भित्र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य पदार्थको बिक्री मार्फत आन्तरिक राजस्व संकलनका लागि सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि. संग भएको ठेक्का सम्झौता बमोजिम ठेक्का भित्र समावेश भएका र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निर्धारण गरेका क्षेत्रबाट मेलम्ची नगरपालिका वडा नं. १३ स्थित गंगा ईन्द्रावती क्रसर उद्योग प्रा.लि. ले बा २ क ९९४२ नं. को स्काभेटर र बागमती प्रदेश ०३-००१ क ४५६, बागमती प्रदेश ०३-००१ ६६३, ना ५ ख ७०३१, बा ४ ख १६४९ र बा ४ ख ३६५८ नं.को ट्रिपर प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन्का लागि निवेदन पेश गरेको तथा मेलम्ची नगरपालिका अन्तर्गत १३ नं. वडा कार्यालयको मिति २०८२/०१/१६ को पत्र र सम्बन्धित ठेकेदार कम्पनी सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि.को मिति २०८२/०१/१६ को पत्रबाट समेत नदीजन्य

मेलम्ची नगरपालिका नगर कार्यपालिकाको कार्यालय मेलम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल

पदार्थ उत्खनन् अनुमतिको लागि सिफारिस भई आएको हुँदा मेलम्ची नगरपालिका वडा नं. १२ स्थित सिन्धुखोला दोभान देखि वडा नं. १३ को सिपाघाटसम्मको क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन्का लागि मिति २०८२/०१/२२ (नगर प्रमुखस्तर) को निर्णयानुसार मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०८१ मा उल्लिखित क्रसर व्यवसाय कर ( क्रसर उद्योग) रु. ९,५०,०००।– लिई अनुमति प्रदान गरिएकोमा नदीजन्य पदार्थ उत्खनन्को लागि प्रदान गरिएको अनुमति अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं. १०: मेलम्ची नगरपालिकाबाट आ.व. २०८१/०८२ मा न्यायिक समिति कार्यक्रम अन्तर्गत सामुदायिक विद्यालय र समुदायस्तरीय कानूनी सचेतना मुलक विविध कार्यक्रम (सामुदायिक मेलमिलाप सेवा केन्द्र) संचालनका लागि रु. ५ लाख बजेट विनियोजन भएको हुँदा उक्त कार्यक्रम संचालनका लागि सामुदायिक मेलमिलाप सेवा केन्द्र, मेलम्ची मार्फत पेश भएको प्रस्ताव स्वीकृत गरी सम्झौता गरेर कार्यक्रम संचालन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. ११: मेलम्ची नगरपालिकाको आर्थिक सहयोगमा नागार्जुन मल्टि टेक्निकल सोलुसन प्रा.लि. ले मेलम्ची नगरपालिका भित्रका ४० जना सूचिकृत बेरोजगारहरुलाई मिति २०८१/११/०६ देखि २०८१/१२/२६ गतेसम्म सडक मर्मत संभार र जीवन उपयोगी सिप सम्बन्धी ५० दिने तालिम संचालन गरेको र तालिम प्रदायक संस्थाबाट भुक्तानीको लागि निवेदन प्राप्त भएको हुँदा उक्त संस्थासंग भएको सम्झौता बमोजिम मू.अ.कर सहित रु. ४,५७,६५०।– (अक्षरुपी चार लाख सन्ताउन्न हजार छ सय पचास रुपैयाँ मात्र) भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं. १२: मेलम्ची नगरपालिकाबाट आ.व. २०८१/०८२ मा वडा नं. २ स्थित सिरान टोल सामुदायिक भवन तथा बैदार टोल ढुङ्गे धारा निर्माण, वडा नं. ४ स्थित निगाले सामुदायिक भवन, वडा नं. ११ स्थित ब्लोन टोल सामुदायिक भवन र मेलम्ची नगरपालिका ४ नं. वडा कार्यालयको भवन निर्माण गर्नको लागि बजेट विनियोजन भई तत् तत् वडाको सार्वजनिक जग्गा प्रयोग गरी सामुदायिक भवन तथा वडा कार्यालयको भवन निर्माण कार्य सम्पन्न भएकोले उक्त सार्वजनिक जग्गामा निर्मित भवन सार्वजनिक प्रयोजनका लागि मात्रै प्रयोग हुने भएकाले प्राविधिक मूल्याङ्कन बमोजिम सम्बन्धित भवनको रकम भुक्तानी गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

निर्णय नं. १३: मेलम्ची नगरपालिकाबाट आ.व. २०८१/०८२ मा विनियोजन भएका योजनाहरुको कार्यान्वयन प्रक्रिया अन्तिम चरणमा रहेको कारणबाट कार्यालय समयमा सेवाग्राहीहरुको चाप दिन प्रतिदिन बढ्दै गएको हुँदा सेवाग्राहीहरुलाई सेवा प्रवाहमा सहजता प्रदान गर्नको लागि सार्वजनिक बिदाका दिन एवं कार्यालय समय अघि वा पछि कार्यालयको दैनिक प्रशासनिक कामकाज संचालनका लागि आवश्यक व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

निर्णय नं. १४: प्रारम्भिक वातावरीय परीक्षण प्रतिवेदन (IEE) स्वीकृत भई ढुङ्गा, गिटी बालुवा लगायतका नदीजन्य पदार्थको बिक्री ठेक्का भन्दा बाहेकका मेलम्ची नगरपालिका क्षेत्र भित्र संघीय, प्रदेश एवं स्थानीय तहको बजेटबाट संचालन हुने योजनाहरु निर्माण गर्ने क्रममा योजना निर्माण स्थलबाट उत्खनन् भएका ढुङ्ग, गिटी बालुवा लगायतका पदार्थहरु सोही योजनामा प्रयोग भएको बाहेक अन्यत्र बिक्री/निकासी गरेमा बिक्री गरेको परिमाण एकिन गरी बागमती प्रदेश सरकारबाट स्वीकृत आर्थिक ऐनमा भएको व्यवस्था बमोजिम सम्बन्धित वडा कार्यालयले राजस्व संकलन गर्ने व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५: मिति २०७८ साल असार र त्यसपछि मेलम्ची तथा ईन्द्रावती नदीमा आएको बाढीबाट प्रभावित भई हाल लाभग्राही कायम भएका व्यक्तिहरुले तत्कालिन विपद्को समयमा कंक्रिट ब्लकबाट निर्माण गरेका घरहरुको NBC 203:2015 (Low strength Masonary Building) बमोजिम कोड पालना गर्ने गरी नक्सा पास गर्ने र मापदण्ड पुगेका सम्पूर्ण घरहरुलाई किस्ताको लागि सिफारिस गर्ने निर्णय गरियो ।

निर्णय नं. १६: मेलम्ची नगरपालिका वडा नं. ९ स्थायी निवासी श्री सरिता पराजुलीको छोरी श्री रस्मिता खड्काको हात गोडामा तेजाब परेर जलन भई हाल साँखु स्थित सुष्मा कोइराला मेमोरियल अस्पतालमा अप्रेसन तथा उपचार भइरहेकोमा आर्थिक सहायताको लागि ९ नं. वडा कार्यालयको च.नं.१४९३ मिति २०८२/०१/३१ को पत्रबाट सिफारिस भई आएको हुँदा निजको उपचारका लागि विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी रु. ५० हजार आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १७: जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोक र मेलम्ची नगरपालिकाको संयुक्त लागत साझेदारीबाट निर्माण हुने गरी देहाय बमोजिमका योजनाहरुमा बजेट विनियोजनका लागि जिल्ला समन्वय समितिको कार्यालय, सिन्धुपाल्चोकमा अनुरोध गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | ठेगाना | आवश्यक बजेट रु. |
|---|---|---|---|
| १ | गैरा थोक डाँडा घर खानेपानी योजना | मेलम्ची न.पा. ७ | १५ लाख |
| २ | अख्रेनी चौर बृहत्त खानेपानी योजना | मेलम्ची न.पा. ४ | २५ लाख |

निर्णय नं. १८ : मेलम्ची नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुबाट आ.व. २०८१/०८२ मा विनियोजन भएका योजनाहरु संशोधनका लागि अनुरोध भई आएकोमा आगामी नगर सभाबाट अनुमोदन हुने गरी देहाय बमोजिमका योजनाहरु संशोधन गर्ने निर्णय गरियो ।

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक,
बागमती प्रदेश, नेपाल

तपसिल

| क्र.सं. | साविक योजनाको विवरण | बजेट रु. | संशोधित योजनाको विवरण | बजेट रु. |
|---|---|---|---|---|
| १ | लक्षित वर्ग प्रोत्साहन कार्यक्रम, मेनपा ७ | ४ लाख | लक्षित वर्ग प्रोत्साहन कार्यक्रम, मेनपा ७ | १ लाख |
| | | | स्वास्थ्य शिविर संचालन एवं खानेपानी व्यवस्थापन, मेनपा ७ | ३ लाख |
| २ | लक्षित वर्ग प्रोत्साहन कार्यक्रम, मेनपा ९ | ५ लाख ५० हजार | लक्षित वर्ग प्रोत्साहन कार्यक्रम, मेनपा ९ | ३ लाख |
| | | | कार्यालय संचालन तथा विविध, मेनपा ९ | २ लाख ५० हजार |
| ३ | आखेथान धुसेनी चौर पर्यटकीय पार्क निर्माण, मेनपा ११ | २० लाख | मेलम्ची कटुञ्जे धुसेनी मोटरबाटो स्तरोन्नती, मेनपा ११ | २० लाख |
| ४ | विविध सार्वजनिक निर्माण, मेनपा १३ | १८ लाख | विविध सार्वजनिक निर्माण, मेनपा १३ | १३ लाख ५० हजार |
| | | | खानेपानी पाइप खरिद, मेनपा १३ | २ लाख ५० हजार |
| | | | प्रधानमन्त्री रोजगार कार्यक्रम साझेदारी, मेनपा १३ | २ लाख |
| ५ | निमराको बोट मन्दिर निर्माण, मेनपा १३ | २ लाख | १३ नं. वडा भित्रका सडक मर्मत संभार कर्ताको ज्याला भुक्तानी, मेनपा १३ | २ लाख |

निर्णय नं. १९ : शिक्षक तथा शैक्षिक कर्मचारीहरुको आन्दोलनको कारण सामुदायिक विद्यालयहरु नियमित रुपमा संचालनमा नआई, भएको शैक्षिक क्षति सम्बोधनका नाममा कतिपय विद्यालयहरुले संघ, प्रदेश र स्थानीय सरकारबाट विभिन्न सामाजिक तथा सांस्कृतिक आधारमा दिइएका सार्वजनिक बिदामा समेत कुनै एकरुपता कायम नगरी कक्षा संचालन गरेको पाइएकोमा यस सम्बन्धमा जनप्रतिनिधि मार्फत व्यापक जनगुनासो प्राप्त भएकोले विभिन्न जातजाती तथा धर्म, संस्कृतिको राष्ट्रिय दिवस तथा पर्व, सामाजिक साँस्कृतिक विविधताको सम्मान हुने सुनिश्चित गरी , एकरुपता र सामाजिक तथा सांस्कृतिक

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

विविधताको सम्मान गरी वर्षे, हिंउदे तथा दशैं बिदा कटौती गरी कक्षा संचालन गर्न सबै विद्यालयहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. २० : मेलम्ची नगरपालिका वडा नं. १३ स्थित फटकशिला माध्यमिक विद्यालयमा कार्यरत विद्यालय सहयोगी श्री भुमि प्रसाद घोरासैनी उमेर हदका कारण अवकाश हुनुपर्नेमा सम्मानित अदालत मार्फत सेवा सुविधा उपलब्ध नहुने अवस्थामा अवकाश नगर्नु/नगराउनुहुन भनि आदेश भई हालसम्म पनि कार्यरत रहेकोमा निजलाई नगरपालिकाबाट खर्च हुने गरी रु. १ लाख उपलब्ध गराई विद्यालय मार्फत अनिवार्य अवकाश गराउन कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. २१ : सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा १४ मा भएको व्यवस्था बमोजिम मिति २०८२/०१/२१ गतेको (नगर प्रमुखस्तर) निर्णयबाट समन्वय, सहजीकरण र अनुगमन गर्न देहाय बमोजिमको समिति गठन गरिएकोमा उक्त समिति गठनको अनुमोदन गर्ने निर्णय गरियो ।

तपसिल

उप प्रमुख, श्री उमा प्रधान – संयोजक
का.पा. सदस्य, श्री कुमारी बि.क. – सदस्य
सि.अ.न.मी., श्री रचना कुमारी श्रेष्ठ – सदस्य
सरस्वती मा.वि. शिक्षक, श्री मेनुका खतिवडा – सदस्य
ईन्द्रेश्वरी मा.वि. शिक्षक, श्री मुना पौडेल – सदस्य
महिला विकास निरिक्षक, श्री लक्ष्मी परियार – सदस्य
शिक्षा, युवा तथा खेलकुद विकास शाखा प्रमुख श्री सुधिनराज बुढाथोकी – सदस्य सचिव

निर्णय नं. २२ : मेलम्ची नगरपालिका अन्तर्गत ११ नं. वडा कार्यालयको च.नं. १५३८ मिति २०८१/०१/३१ को पत्र र १२ नं. वडा कार्यालयबाट आ.व. २०८१/०८२ मा कार्यान्वयन गर्ने गरी नगर सभाबाट विनियोजन भएका देहाय बमोजिमका योजनाहरु कार्यान्वयनको लागि बोलपत्रको प्रक्रियाबाट संचालन गर्न समय अभाव भएको हुँदा उपभोक्ता समिति मार्फत कार्यान्वयनको लागि अनुरोध भई आएको हुँदा सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई आए बमोजिम देहाय बमोजिमका योजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | योजनाको विवरण | बजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | मेलम्ची कटुञ्जे धुसेनीचौर सडक स्तरोन्नती, मेनपा ११ | २० लाख | |
| २ | मेलम्ची डडुवा सडक स्तरोन्नती, मेनपा ११ | २५ लाख | रु. ५० लाख मध्ये रु. २५ लाख |
| ३ | ढकालखहरे पार्क निर्माण, मेलम्ची १२ | २५ लाख | |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

अनुसूची १

नगरस्तरीय अनुगमन तथा सुपरिवेक्षण समितिबाट अनुगमन गरी नगरकार्यपालिकाको बैठकमा मिति २०८२-०१-३१ मा फरफारका लागि पेश गरिएको प्रतिवेदन

| क्र.स. | अनुगमन गरिएको योजनाहरु | विनियोजित रकम रु. | लागत साझेदारी | वडा नं. | भुक्तानी रकम रु.(कन्टेनजेन्सी | खरिद प्रक्रिया | भएका मुख्य कार्यहरु |
|---|---|---|---|---|---|---|---|
| १ | ग्रामिण सडक सरसफाई तथा मर्मत योजना | ९००००० | ५०७६३.६५ | १ | भुक्तानी बाँकी | उपभोक्ता समिति मार्फत | वडाको मुख्य सडक तथा शाखा सडकहरु सरसफाई र एक स्थानमा मेशनरी वाल लगाउने कार्य भएको |
| २ | प्रहरी चौकी मौरी झरना तपचुली चिसापानी सडक | १५००००० | १५९२७०.९ | १ | भुक्तानी बाँकी | उपभोक्ता समिति मार्फत | सडक आर.सि.सि.ढलान र प्लम नालीको कार्य भएको |
| ३ | चिसापानी डाँडा खेत वेशीथान १५ नंम्बर मोटरबाटो | १५००००० | १५८४३३.१९ | १ | भुक्तानी बाँकी | उपभोक्ता समिति मार्फत | सडक आर.सि.सि.ढलान,मेशनरी वाल,सोलिङ र क्यापपिट सहित ह्युमपाईप हाल्ने कार्य भएको |
| ४ | भोटेचौर एकीकृत पर्यटन पूर्वाधार (शौचालय निर्माण) | १०००००० | १०५७४४.१३ | १ | भुक्तानी बाँकी | उपभोक्ता समिति मार्फत | २ स्थानमा ईट्टाको वाल लगाई लोड बेयरिङ भवनको सेफ्टी ट्याङ्की सहित शौचालय निर्माण कार्य भएको |
| ५ | थानकुने सोतेटोल मोटरबाटो ग्याबविन तथा वाल | १०००००० | १०६२६५.८ | ४ | भुक्तानी बाँकी | उपभोक्ता समिति मार्फत | ग्याविन वाल लगाउने कार्य भएको |
| ६ | धुसेनी खोला पाख्रिनटोल गैरीबारी सिंचाई | १५००००० | १५८५०० | ५ | भुक्तानी बाँकी | उपभोक्ता समिति मार्फत | इन्टेक,पाईपलाईन,च्याम्बर निर्माण कार्य भएको |
| ७ | देउराली खानेपानी योजना | २००००० | २१५३० | ५ | भुक्तानी बाँकी | उपभोक्ता समिति मार्फत | RBT,टयाङ्की,पाईप लाईन,घेरावार निर्माण कार्य भएको |
| ८ | गोल खाल्डा खानेपानी योजना | ३००००० | ३२१२० | ५ | भुक्तानी बाँकी | उपभोक्ता समिति मार्फत | RBT,टयाङ्की,पाईप लाईन,घेरावार निर्माण कार्य भएको |
| ९ | पराजुली खतिवडाटोल खानेपानी | ५००००० | ५४१७९.१६ | ५ | भुक्तानी बाँकी | उपभोक्ता समिति मार्फत | FRC २ वटा,पाईपलाईन विस्तार गरी घरघरमा धारा निर्माण कार्य भएको |
| १० | खतिवडा पौडेलगाउँ सडक मोड सुधार | ८००००० | ८५१७१.८६ | ५ | भुक्तानी बाँकी | उपभोक्ता समिति मार्फत | ग्याविन वाल र सिलिङ निर्माण कार्य भएको |
| ११ | मानेभन्ज्याङ खानेपानी निर्माण | ४००००० | ४२५६३.१३ | ६ | भुक्तानी बाँकी | उपभोक्ता समिति मार्फत | पाईपलाईन विस्तार र धारा निर्माण कार्य भएको |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | भेमेस्थान ढुङ्गेधारा चौतारी निर्माण | ५००००० | ५२८७० | ६ | भुक्तानी बाँकी | उपभोक्ता समिति मार्फत | पिपलबोटमा वाल उचाई चौतारी निर्माण,मेशनरी वाल निर्माण कार्य भएको |
| १३ | डाडाटोल गैरीटोल सडक स्तरोन्नती | ७००००० | ७५८८५.९२ | ६ | भुक्तानी बाँकी | उपभोक्ता समिति मार्फत | सोलिङ,मेशनरी वाल र नाली निर्माण कार्य भएको |
| १४ | थासाई सिडि निर्माण | ५००००० | ५३३७४.७९ | ६ | भुक्तानी बाँकी | उपभोक्ता समिति मार्फत | मेशनरी वाल र सिडि निर्माण कार्य भएको |
| १५ | खोपेको छागा सिंचाई | ७००००० | ७४१३८.८९ | १० | भुक्तानी बाँकी | उपभोक्ता समिति मार्फत | RCC कुलो निर्माण कार्य भएको |
| १६ | हाते ढुङ्गा राम्चे सिडी निर्माण | ४५०००० | ४८०५७.५७ | १० | भुक्तानी बाँकी | उपभोक्ता समिति मार्फत | मेशनरी वाल,सिडि र रेलिङ निर्माण कार्य भएको |
| १७ | आरुखर्क दलित बस्ति सिडि निर्माण | ६००००० | ६३५१७.०४ | ११ | भुक्तानी बाँकी | उपभोक्ता समिति मार्फत | मेशनरी वाल र सिडी निर्माण कार्य भएको |
| १८ | आरन सुधार कार्यक्रम | २००००० | ११९८५.८७ | ११ | भुक्तानी बाँकी | उपभोक्ता समिति मार्फत | आरनघर निर्माण कार्य भएको |
| १९ | जुगीटार बस्ती संरक्षण | ५००००० | ५३८०५.५६ | ११ | भुक्तानी बाँकी | उपभोक्ता समिति मार्फत | मेशनरी वाल निर्माण कार्य भएको |
| २० | च्यानघाट निर्माण | १५००००० | १५९३३८.१२ | १२ | भुक्तानी बाँकी | उपभोक्ता समिति मार्फत | Rcc च्यानघाट,मेशनरी वाल प्रतिक्षालय निर्माण कार्य भएको |
| २१ | कृष्ण मन्दिर सिडी निर्माण | ५००००० | ५३०४५.८८ | १२ | भुक्तानी बाँकी | उपभोक्ता समिति मार्फत | ग्याबिन वाल र सोलिङ निर्माण कार्य भएको |
| २२ | अंधेरी खोला बासबोटे काफ्लेखोला सिंचाई (साविक १) | ७५०००० | ७९५०८.१२ | ९ | भुक्तानी बाँकी | उपभोक्ता समिति मार्फत | मेशनरी वाल र सोलिङ गरी pcc, rcc कुलो निर्माण कार्य भएको |
| २३ | सिस्ने रुम्टाखोला सुन्तले सिंचाई | १०००००० | १०८९८९.१८ | ८ | भुक्तानी बाँकी | उपभोक्ता समिति मार्फत | मेशनरी वाल र सोलिङ गरी pcc, rcc कुलो निर्माण कार्य भएको |
| २४ | तालामाराङ टार बस्ती संरक्षण | २०००००० | | ६ | भुक्तानी बाँकी | सिलबन्दी दरभाउपत्र | प्लम वाल निर्माण कार्य भएको |
| २५ | महिला सुरक्षा तथा एड्स नियन्त्रण मन्च भवन | ५०२३५६७.५८ | | ११ | भुक्तानी बाँकी | बोलपत्र | फिनिसिङ रङरोवन सहिते एक तले भवन निर्माण |
| २६ | सहरेखाला गैरीखेत सिंचाई | ५००००० | ५३८५९.८८ | १० | भुक्तानी बाँकी | उपभोक्ता समिति मार्फत | स्टोन मेशनरी वाल,सोलिङ पि.सि.सि,र आर.सि.सि.कुलो निर्माण कार्य भएको |

मेलम्ची नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल